# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, मंसीर २ गते २०४३ साल (संख्या ३१

## भाग ४

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

उद्योग मन्त्रालयका सचिव श्री राधारमण उपाध्याय मलेशियामा एशियाली उत्पादकत्व संगठनको तत्वावधानमा आयोजना हुने अन्तर्राष्ट्रिय उत्पादकत्व सम्मेलनमा भागलिन जानुभएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रविदेव शर्मालाई मिति २०४३।७।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राष्ट्रिय पञ्चायत सचिवालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४३।५।२६ को निर्णयानुसार यस सचिवालयका राजपत्र अनंकित प्रथम श्रेणीका टाइपिष्ट श्री मुकुन्दप्रसाद शर्मालाई राष्ट्रिय पञ्चायत सेवा, राजपत्रांकित तृतीय श्रेणीको शाखा अधिकृत पदमा मिति २०४३।२।२८ देखि बढुवा नियुक्ति गरी यसै सचिवालयमा पदस्थापन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४३।५।२६ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई राष्ट्रिय पञ्चायत सेवा, राजपत्रांकित तृतीय श्रेणीको शाखा अधिकृत पदमा मिति २०४३।६।२ देखि एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी यसै सचिवालयमा पदस्थापन गरिएको छ ।

| क. सं. | नाम र थर |
|---|---|
| १. | श्री रामशरण घिमिरे |
| २. | श्री ज्ञानप्रसाद भट्टराई |
| ३. | श्री ठाकुरप्रसाद बराल |

आज्ञाले,
राजबहादुर मिश्रक्षेत्री
उप-सचिव

636



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।